# नेपाल परिवार नियोजन संघ

## मनोनयन तथा सुशासन समिति

## <u>केन्द्रीय अध्यक्ष उम्मेदवारको लागि ToR</u>

### १. पृष्ठभूमि

१.१ नेपाल परिवार नियोजन संघ गैरनाफामुखी तथा स्वयंसेवी संस्थाको रुपमा परिवार नियोजन र यौन तथा प्रजनन स्वास्थ्य र अधिकारको क्षेत्रमा ६५ वर्षदेखि नेतृत्व गर्दै नेपाली जनताको जीवनमा गुणात्मक परिवर्तन ल्याउन अनवरत रूपमा अग्रणी भूमिका निर्वाह गरिरहेको छ । संघ अन्तर्राष्ट्रिय परिवार नियोजन महासंघ (आई.पी.पी.एफ.) को सदस्य संस्था हो । जसले बिना भेदभाव सबैलाई यौन तथा प्रजनन स्वास्थ्य सम्बन्धमा शिक्षा, सूचना र सेवा प्रदान गर्दै उनीहरुलाई स्वैच्छिकरूपमा सुसूचित निर्णय गर्न ससक्त बनाउन उल्लेख्य भूमिका निर्वाह गर्दै आएको छ । हाल संघका २८ वटा जिल्ला शाखा कार्यालयहरुमा करीब ११,००० स्वयंमसेवक सदस्य (आजीवन तथा साधारण सदस्य) आवद्ध छन् र संघले ६ वर्षे रणनीति "Come Together Strategy, 2023-2028" बमोजिम आफ्नो कार्यक्रमहरु संचालन गर्दै आइरहेको छ ।

१.२ सबै नेपाली नागरिकमा यौनिक तथा प्रजनन स्वास्थ्य लगायतको अधिकारलाई अनुभूति गराउन, प्रत्येक व्यक्ति तथा दम्पत्तिले आफ्नो परिवारको आकार छनौट गर्नसक्ने अधिकारको रक्षा गर्दै सुरक्षित मातृत्व तथा शिशु स्वास्थ्य सेवालगायत यौन तथा प्रजनन स्वास्थ्य सूचना, शिक्षा तथा सेवा प्रदान गर्दै स्वस्थ्य, प्रजनन स्वास्थ्य र यौनिक अधिकारका विषयमा एकिकृत सामुदायिक विकास कार्यक्रम लागु गर्न स्वयंमसेवी माध्यमबाट देश र नागरिकको सेवा गर्नु यस संघको मूल उद्देश्य हुनेछ ।

१.३ नेपाल परिवार नियोजन संघको २४औं संशोधित विधानमा केन्द्रीय समिति र गठन विधि सम्बन्धी व्यवस्था अनुसार संघले यो संशोधित विधान अनुसार पहिलो पटक निर्वाचन गर्न लागेको हुंदा संघको विधानको धारा २३(८) बमोजिम केन्द्रीय समितिको निर्वाचन प्रयोजनको लागि उम्मेदवार माग आवेदन गर्नुपर्ने र धारा २३(९) बमोजिम योग्यताको आधारमा उम्मेदवार छनोट गर्ने र धारा २३(१०) बमोजिम निर्वाचनको लागि योग्य उम्मेदवारको नामावली केन्द्रीय समितिमा पेश गर्नुपर्ने जिम्मेवारी मनोनयन तया सुशासन समितिको भएको हुंदा निर्वाचन प्रयोजनको लागि उम्मेदवारी छनोटको आधार तय गर्न यो ToR तयार पारिएको छ ।

१.४ मनोनयन तथा सुशासन समितिले योग्य ठहराई सिफारिस गरेका स्वयमसेवक ७ (सात) र बिशेषज्ञ ४ (चार) गरी जम्मा ११ (एघार) जनाको केन्द्रीय समितिको निर्वाचन ३ (तीन) वर्षको लागि गर्ने छ। जसमा अध्यक्ष र कोषाध्यक्ष सहित कम्तीमा पचास प्रतिशत महिला र बीस प्रतिशत युवा हुनेछन्। केन्द्रीय समितिमा निर्वाचित भएसंगै समितिको अध्यक्ष र कोषाध्यक्ष वाहेक अन्य ९ (नौ) जना सदस्यको पदावधि कायम गर्दा दोस्रो वर्षको सुरुमा चारजना र तेस्रो वर्षको सुरुमा पाँच जना सदस्यको पदावधि गोला प्रथा द्वारा कायम गरिने छ ।

१.५ केन्द्रीय समिति सदस्यहरु स्वयंसेवीको (Unpaid Volunteer) रुपमा काम गर्नेछ ।

**२. केन्द्रीय समितिको अध्यक्षमा निम्न प्रकारको योग्यता (गुण तथा बिशेषता) हुनुपर्नेछ :**

२.१ नेपाल परिवार नियोजन संघ बारे जानकारी भएको तथा यसको उद्देश्य र ध्येय प्रति प्रतिबद्ध भएको ।

२.२ परिवार नियोजनका साथै यौन तथा प्रजनन् स्वास्थ्य तथा अधिकार क्षेत्रमा नेतृत्व गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा प्रभावकारी पैरवी गरेको अनुभव भएको ।

२.३ केन्द्रीय सभा, केन्द्रीय समिति, उप-समितिहरु, मनोनयन तथा सुशासन समिति, कोषाध्यक्ष, कार्यकारी निर्देशकलाई र सम्बन्धित राष्ट्रिय, क्षेत्रीय, अन्तर्राष्ट्रिय निकायहरु तथा संस्थाहरुलाई पर्याप्त समय दिन कटिवद्ध भएको ।

२.४ राजनीतिज्ञहरु, सांसदहरु, दाताहरु तथा नागरिक समाजहरुसँग संवाद गर्न सक्षम भएको ।

२.५ केन्द्रीय समितिका सदस्यहरुलाई आफ्नो भूमिका तथा उत्तरदायित्व बहन गर्न प्रोत्साहन दिन सक्ने ।

२.६ केन्द्रीय सभा तथा केन्द्रीय समितिका बैठकहरुको प्रभावकारी रुपमा अध्यक्षता गर्नसक्ने तथा केन्द्रीय सभा र केन्द्रीय समितिका सदस्यहरुलाई Agenda सहित मार्ग निर्देशन दिनसक्ने ।

२.७ केन्द्रीय सभा, केन्द्रीय समिति, मनोनयन तथा सुशासन समिति, शाखा समिति, उप-समितिहरु, युवा फोरम, केन्द्रीय कार्यालयका सबै तहका कर्मचारीहरुसंग सहजपूर्वक सम्पर्कमा रहन सक्ने क्षमता भएको ।

२.८ कार्यकारी निर्देशकसँग सौहार्दपूर्ण सम्बन्ध कायम गर्नसक्ने क्षमता भएको ।

२.९ नेतृत्व दिन सक्ने क्षमता भएको ।

२.१० नेतृत्वदायी शिप भएको, स्वबिवेकीय निर्णय गर्न सक्ने क्षमता भएको ।

२.११ बिभिन्न संघ संस्थाका समितिको अध्यक्षता गरेको अनुभव भएको ।

२.१२ आवश्यकता अनुसार उपयुक्त अवस्थामा कुटनीतिक, दूरदर्शिता तथा चातुर्य प्रदर्शन गर्नसक्ने ।

२.१३ राम्रो संवाद तथा अन्तरव्यक्ति सम्बाद गर्नसक्ने ।

२.१४ विश्वास, ईमान्दारिता, सहयोग, पारदर्शिता र भरोसा जगाउन सक्ने क्षमता भएको ।

२.१५ निष्पक्षता, निष्कपट्ता तथा गोपनीयताको सम्मान गर्नसक्ने क्षमता भएको ।

२.१६ नेपाल परिवार नियोजन संघले संचालन गरेका बिभिन्न कार्यक्रमहरु तथा अन्य गैरसरकारी संघ संस्थाहरुसंग समन्वय र सहकार्य सम्बन्धी जानकारी भएको ।

२.१७ सबैलाई सम्मान गर्नसक्ने ।

२.१८ आफ्नो कुरा निर्धक्क राख्न सक्ने र कुरा राख्न प्रवल इच्छाशक्ति भएको ।

## ३. उत्तरदायित्व

अध्यक्षको काम, कर्तव्य, अधिकार संघको विधान बमोजिम तथा उत्तरदायित्व देहाय बमोजिम हुनेछ :

३.१ केन्द्रीय समिति तथा केन्द्रीय सभामा बैठकको Agenda कार्यकारी निर्देशकको संलग्नतामा तय गर्ने ।

३.२ केन्द्रीय सभा र केन्द्रीय समितिको बैठक बोलाउने र अध्यक्षता गर्ने ।

३.३ केन्द्रीय समितिका नयाँ सदस्यहरुलाई संघको रणनीतिक कार्य योजना, नीति, निर्देशिका, वार्षिक कार्यक्रम तथा बजेटसँग पूर्णरुपमा परिचित तथा जानकार हुन सुनिश्चितता प्रदान गर्ने ।

३.४ केन्द्रीय समितिले सम्पन्न गरेका कार्यहरुको मूल्याङ्कन प्रक्रियामा मनोनयन तथा सुशासन समितिलाई पूर्ण रुपमा सहयोग पुर्‍याउने ।

३.५ केन्द्रीय सभाको कार्य सम्पादन प्रभावकारी बनाउन मनोनयन तथा सुशासन समितिलाई सहयोग पुर्‍याउने ।

३.६ आवश्यक भएमा कुनैपनि समिति, उपसमिति वा कार्यदलको बैठक बोलाउने र अध्यक्षता गर्ने ।

३.७ आवश्यकता अनुसार संघको दातृ निकायाहरुको बैठकमा प्रतिनिधित्व गर्ने वा गराउने ।

३.८ संघको प्रवक्ता तथा नेताको हैसियतले स्रोत परिचालन तथा पैरवी कार्यहरुमा सहयोग पुर्‍याउने। नेपाल परिवार नियोजन संघका हालका दाताहरु, सम्भाव्य नयाँ दातृ निकायसंग सम्पर्क एवं समन्वय गर्ने गराउने, IPPF को क्षेत्रीय सभा, युवा फोरम बैठकहरुमा भाग लिने, IPPF को क्षेत्रीय कार्यालय, महासंघका अन्य सदस्य देशहरुमा भ्रमण गरी तिनीहरुको कार्यक्रमहरु अवलोकन गर्ने, साथै नेपाल परिवार नियोजन संघको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय सम्मेलनहरु जस्तो कि संयुक्त राष्ट्र संघ र अन्य औपचारिक सभाहरुमा संघको प्रतिनिधित्व गर्ने, गराउने र आफ्नो क्षमता प्रदर्शन गर्ने ।

३.९ केन्द्रीय सभा,  केन्द्रीय समिति, मनोनयन तथा सुशासन समिति तथा स्वयमसेवकहरुको सुशासन, उत्तम अभ्यास तथा हुनसक्ने स्वार्थको व्दन्द बारे जानकारी राख्ने र पालना गरे नगरेको सम्बन्धमा सुनिश्चित गर्न नेतृत्व प्रदान गर्ने ।

३.१० नेपाल परिवार नियोजन संघको कार्यकारी निर्देशकको नियुक्ति छनौट समितिमा भाग लिने ।

३.११ आवश्यकता अनुरुप कार्यकारी निर्देशकलाई सहयोग तथा मार्ग निर्देशन दिएको सुनिश्चितता गर्ने ।

३.१२ कार्यकारी निर्देशकको वार्षिक मूल्यांकन प्रकृया गराउने र त्यसमा भाग लिने ।

३.१३ कार्यकारी निर्देशकसंग सर्म्पमा रही IPPF को कामको समग्र परिप्रेक्ष्य सन्तुलन राख्ने ।

३.१४ कार्यकारी निर्देशकलाई सम्पर्कमा राखी केन्द्रीय सभा, केन्द्रीय समिति र संघ भित्र प्रभावकारी तथा सकारात्मक परिवर्तन ल्याउने र स्वार्थको द्वन्दको सम्बोधन गर्ने ।

३.१५ नीति निर्माण गर्ने निकायहरु जस्तो कि केन्द्रीय सभा तथा केन्द्रीय समितिलाई मार्ग निर्देशन गर्ने ।

३.१६ केन्द्रीय सभा र केन्द्रीय समितिको निर्णयको कार्यान्वयनमा सुपरिबेक्षण, समन्वय र नियन्त्रण गर्ने ।

३.१७ कार्य सम्पन्न भए नभएको तथा भएका निर्णयहरुको उचित रुपमा अभिलेख राखिएको बारे सुनिश्चितता गर्ने ।

## ४. सम्बन्ध

४.१ संघमा उत्पन्न समस्याहरु कार्यकारी निर्देशकको सहमतिमा समाधान गर्ने । यस कार्यको लागि पारदर्शिता, विश्वास र सहयोगलाई मुख्य आधार बनाउने ।

४.२ यस प्रकारको सम्बन्ध केन्द्रीय समिति, मनोनयन तथा सुशासन समिति र अन्य समितिका सदस्यहरुसँग पनि राख्ने ।

## ५. योग्यता (Eligibility)

केन्द्रीय अध्यक्ष पदको लागि उम्मेदवार बन्न चाहने व्यक्ति संघको सदस्य भएको हुनु पर्नेछ र मनोनयन तथा सुशासन समितिले योग्य ठहराई सिफरिश गरेको समेत हुनुपर्ने छ । केन्द्रीय समितिको अध्यक्षको पदको लागि मनोनयन तथा सुशासन समितिले माथि उल्लेखित तोकिएको योग्यता (गुण तथा बिशेषता) को आधारमा एक वा एकभन्दा बढी उम्मेदवार योग्य ठहर्याई केन्द्रीय समितिको निर्वाचनको लागि उम्मेदवारीको नामावली केन्द्रीय समितिमा सिफारिस गरिनेछ । आवेदन दिने तरिकामा तोकिएको कागजातहरु अनिवार्य रुपले पेश गर्नुपर्नेछ ।

## ६. उम्मेदवारी र निर्वाचन प्रक्रिया

६.१ एक व्यक्तिले एक पदका लागि मात्र उम्मेदवारी दिन पाउनेछ ।

६.२ नेपाल परिवार नियोजन संघको विधान तथा Byelaws अनुसार केन्द्रीय समितिको अध्यक्षको निर्वाचन हुनेछ ।

६.३ अध्यक्ष पदको लागि छनोट गर्ने उम्मेदवारहरुको मनोनयन तथा सुशासन समितिले संघको विधान तथा निर्वाचन निर्देशिकाले तय गरेका उम्मेदवारहरु मात्र बैधानिक हुनेछन् ।

## ७. द्रुत प्रतिकार्य टोली (Rapid Response Team)

कुनै आकस्मिक बिषय समाधान गर्न परेमा केन्द्रीय अध्यक्ष, कोषाध्यक्ष र कार्यकारी निर्देशकको एक द्रूत प्रतिकार्य टोली गठन गर्न सक्नेछ, जसको पछि अनुमोदन हुनेछ ।

## ८. आवेदन दिने तरिका

ईच्छुक व्यक्तिहरुले Terms of Reference (ToR) मा उल्लेखित योग्यता अनुसार देहाय बमोजिम कागजात सहित fpanngc@fpan.org.np ईमेल मार्फत वा संघको केन्द्रीय कार्यालयमा मिति २०८१ साल कार्तिक १४ गते, सांझ ४:०० बजे भित्र निवेदन पेश गर्नु हुन अनुरोध गर्दछौं । ToR, आवेदन दरखास्त फारम, संघको विधान, निर्वाचन निर्देशिका संघको वेबसाइट www.fpan.org मार्फत Download गर्न वा संघको केन्द्रीय कार्यालय वा शाखा कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

पेश गर्नुपर्ने अनिवार्य कागजातहरु :

- उम्मेदवारीको लागि तोकिएको दरखास्त फारम,
- आफ्नो बैयक्तिक बिवरण (CV),
- आवश्यक अनुभव र दक्षता भएकाहरुले प्रमाणपत्रको प्रतिलिपी,
- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी

उम्मेदवारी सम्बन्धी थप अन्य बिस्तृत जानकारीको लागि नेपाल परिवार नियोजन संघ, केन्द्रीय कार्यालयमा सम्पर्क गर्न अनुरोध छ ।

नेपाल परिवार नियोजन संघ
केन्द्रीय कार्यालय
हरिहरभवन, पुल्चोक, ललितपुर
फोन नं. ५०१०२४० र ५०१०२७०